प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

# कृषि औजार यन्त्र उपकरण अनुदानमा प्राप्त गर्न चाहने उपभोक्ताहरुले प्रस्ताव पेश गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/१०/२३

उपरोक्त विषयमा यस मन्त्रालयको आ.व.२०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम तथा सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको "कृषि औजार यन्त्र उपकरण अनुदान वितरण कार्यविधि, २०७५" अनुसार कृषि क्षेत्रको यान्त्रिकरणमा सहयोग पर्‍याउन बिभिन्न किसिमका कृषि औजार एवं यन्त्र उपकरणहरू अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले इच्छुक उपभोक्ताहरू : कृषक, कृषक समूह, कृषि/बहुउद्देशिय सहकारी, निजी कृषि फर्म/कम्पनी र कृषि उद्यमीहरूलाई तपशिलमा उल्लेखित शर्तहरूको अधिनमा रही प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित ज्ञान केन्द्रहरू मार्फत प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको "कृषि औजार यन्त्र उपकरण अनुदान वितरण कार्यविधि, २०७५" को अधिनमा रही कार्यक्रम संचालन गरिनेछ ।

२. उपभोक्ताहरूले प्रस्ताव पेश गर्दा उक्त कार्यविधिको अनुसूची ३ (क) र (ख) बमोजिमको ढाँचामा तथा अनुसूची १ (क) वा (ख) मा उल्लेखित कागजातहरू संलग्न राखी तोकिएको म्याद भित्र कार्यालय समयमा आफ्नो सम्बन्धित ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ ।

३. अनुदानमा कृषि औजार एवं यन्त्र उपकरणहरू उपलब्ध गराउन उपभोक्ताहरू छनौट गर्दा ब्यवसायिक वा ब्यवसाय उन्मुख कृषि पकेट क्षेत्रहरूलाई प्राथमिकता दिइने छ ।

४. अनुदानको हकमा यस मन्त्रालयले प्रत्येक कृषि औजार एवं यन्त्र उपकरणको स्वीकृत मूल्यको ५०% रकम बेहोर्नेछ भने बाँकी ५०% रकम सम्बन्धित उपभोक्ताले बेहोर्नु पर्नेछ ।

५. उपभोक्ताहरूले पेश गरेका प्रशतावहरू स्वीकार गर्ने, नगर्ने अन्तिम एवं पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहेको छ ।

६. थप तथा बिस्तृत जानकारीको लागि यस मन्त्रालयको निम्न ठेगाना एवं सम्पर्क नं. मा सम्पर्क गर्न सकिनेछ ।

खाद्य प्रविधि तथा कृषि ब्यवसाय प्रवर्द्धन महाशाखा, सम्पर्क ब्यक्ती र नं. खगेन्द्र प्रसाद शर्मा, ब.बाग.वि.अ. (मो.नं. ९८६८८६४८६२) र घनश्याम चौधरी, कृ.अर्थ विज्ञ (मो.नं. ९८५८४२४३४५) ।

Email: molmac7@gmail.com,
Website: www.molmac.p7.gov.np

आधिकारिक पदाधिकारी
नाम : रबिन्द्र बहादुर प्रधान
पद : सचिव

बनाउने तयारी सुरु भएको छ यसका लागि प्राविधिक काम थालिएको नगरपालिकाले जनाएको छ ।
देशका दश सहरलाई 'स्मा सिटी' बनाउने सरकारी योजनामा अमरगढी पनि परेको छ । त्यसका लागि सहरी विकास मन्त्रालयले कन्सल्टेन्टसँग सम्झौता ग थियो । जसअनुसार, प्रावि काम थालिएको अमरगढी मेयर विश्वेश्वरप्रसाद ओझाले बताए ।
यस योजनाअन्तर्गत डडेल्धुराको अमरगढी, स्या जाको वालिङ र दैलेखको दुल्लुको प्राविधिक काम सुरु गरिएको थियो । भू–उपयोग नक्सा बनाउने र वडागत भेटघाट सकिएको नगरपा जनाएको छ ।
'स्मार्ट सिटी' भित्र नगरवासी, भौतिक पूर्वाध शासन व्यवस्था र अर्थ व्य पनि स्मार्ट नै हुनुपर्छ । य लागि तथ्यांक संकलनका लागि प्राविधिक खटाइएक मेयर ओझाले बताए । 'प मसान्तसम्म प्राविधिक का सकिनेछ,' उनले भने । त वर्षसम्म अमरगढीलाई स्म सिटी बनाउने लक्ष्यअनुसा काम भइरहेको मेयर ओ भनाइ छ ।

## सुदूरपश्चिम विश्वविद्याल प्राध्यापक संघ

दार्चुला/ सुदूरपश्चिम विश्वविद्यालयमा विश्ववि प्राध्यापक संघ गठन गरि छ । प्राध्यापकहरूको भेल उत्तमबहादुर थापाको नेतृ ११ सदस्यीय प्राध्यापक स गरेको हो ।
कार्य समितिको उप मदनबहादुर बोहरा, महा खेम सुवेदी, सचिव दीप साउद र कोषाध्यक्ष ईश हमाल चयन भएका छन् सदस्यमा मानबहादुर चन् धनकृष्ण उपाध्याय, मा पाल, वीरेन्द्र भट्ट, भीम मदनबहादुर चन्द छन् ।
भेलाले खगेन्द्र जो महेन्द्रबहादुर चन्द, धर्म जोशी, नाथुराम चौधरी जगतबहादुर सिंह रावल पुष्पराज जोशी र प्रित विष्टलाई केन्द्रीय प्रतिनि गरेको दार्चुला बहुमुखी प्रमुख कृष्णसिंह साउद